घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

मितिः २०७८/०९/१६

पत्र संख्या २०७८/७९
च.नं. ४६९

श्री ..........वडा कार्यालय
घोराही उपमहानगरपालिका दाङ ।

**विषय : मेयर कप फुटवल संचालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा २०७८ सालको पाचौ संस्करण मेयर कप फुटवल प्रतियोगिता तपशिलको मिति,स्थान र समयमा सञ्चालन हुने व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै यसैपत्र साथ संलग्न फाराम भरी २०७८/९/२५ गते भित्र टिम दर्ता गर्नुहुन समेत अनुरोध छ ।

(विनोद गौतम)
महाशाखा प्रमुख

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं

तपशिल
उद्घाटन सत्र कार्यक्रम विवरण:
मितिः २०७८/१०/०५ गते
स्थान : नवलपुर खेल मैदान
समय : दिनको ११ बजे नगरपालिकाबाट र्याली शुरु हुनेछ
कार्यक्रम उदघाटन : १:०० वजे

# मेयर कप प्रतियोगितामा पालना गर्नुपर्ने नियमहरु :-

१ प्रतियोगिता फिफाको नियम अनुसार खेलाईने छ ।
२ मेयरकप प्रतियोगिता लिक कम नकआउट चरणमा खेलाईने छ ।
३ लिग चरण खेल र नक आउट चरण ४५ मिनेटको पहिलो हाफ र ४५ मिनेटको दोस्रो हाफ गरी ९० मिनेटको हुनेछ ।
४ नकआउट चरणको खेल बराबरी भएमा सिधै पेनाल्टी सुट आउट बाट खेल खेलाईने छ ।
५ प्रत्येक वडा देखि मेयरकपमा सहभागी जनाउदा २१ जना खेलाडी, १ जना टिम प्रशिक्षक र १ जना टिम व्यवस्थापक गरी जम्मा २३ जनाको वडाको टिम हुनुपर्ने छ ।
६ प्रत्येक वडाको फुटवल टिममा २१ जना खेलाडी भित्र २ जना गोलकिपर अनिवार्य हुनुपर्नेछ ।
७ प्रत्येक वडाको फुटवल टिममा खेलाडीको जर्सी, फुटवल जुत्ता, मोजा, सिनगार्ड, र किपरको ग्लोब्स अनिवार्य सम्वन्धित वडाले व्यवस्था गर्नुपर्ने छ ।
८. प्रत्येक वडाको फुटवल टिममा पिउने पानी, ग्लुकोज, यातायातको व्यवस्था र खाजाको व्यवस्था वडाले आफै गर्नुपर्ने छ ।
९. कुनैपनि वडाको टिमले अर्को वडाको खेलाडी किर्ते गरि खेलाएको दाबीविरोध पत्र लिखित रुपमा नगद रु.१००० सहित २४ घण्टा भित्र आयोजक समक्ष उजुरी आएमा आयोजक कमिटिले छानविन गरी उक्त विरोध पत्र सहि ठहरियमा किर्ते खेलाडी खेलाएको वडाको टिमका किर्ते खेलाडीलाई मात्र मेयर कप फुटबल प्रतियोगिताबाट निष्कासन गरिने छ । दाबी सहि ठहरिएमा स्वतहः उक्त खेलको विजेता दाबी विरोध गर्ने टिमलाई गराइनेछ साथै दाबीविरोधको रकमको ५० प्रतिशत रकम प्रोटेस्ट सहि भएमा फिर्ता गरिनेछ र दाबीविरोध गलत भएमा रकम फिर्ता हुनेछैन ।
१०. प्राथमिक उपचार सामान्य र जटिल सम्पूर्ण उपचार व्यवस्था सम्वन्धित वडाले नै गर्ने छ ।
११. कुनै कारणवश खेल स्थगित हुन पुगेमा आयोजकले तोकेको समय, मिति र स्थानमा खेल खेल्नुपर्ने छ ।
१२. खेलमा दुवैटिमको जर्सी मिल्न गएमा टस मार्फत टस हार्नेले वैकल्पिक जर्सी वा वडाको अर्को रंगको आफ्नै जर्सी प्रयोग गर्नुपर्ने छ ।
१३. खेलमा अन्तिम निर्णय रेफ्रीको हुनेछ, अन्य विवाद भएमा आयोजकको निर्णय नै अन्तिम निर्णय हुने छ ।
१४. प्लेयिङ बक्समा सब्सिच्यूट खेलाडीहरु, टिम व्यवस्थापक र टिम प्रशिक्षक मात्र बस्न पाउनेछन् । वडा अध्यक्ष र वडा सदस्यहरु आयोजकको रुममा र दर्शकको रुपमा मात्र रहनेछन् ।
१५. मेयर कपमा सहभागी खेलाडीहरुले कानमा मुन्द्रा, हातमा बाला र नङ, घाटीमा माला लगाउन र राख्न पाउनेछैनन सो भएमा खेलमा सहभागी हुन पाउनेछैनन् ।
१६. खेलमा जम्मा ३ पटकमा ५ जना खेलाडी परिवर्तन गर्न पाइने छ ।
१७. खेल तालिका अनुसार खेल भएका वडाको टिम खेल हुनुभन्दा १ घण्टा अगाडि आयोजकको सम्पर्कमा आइ खेलमैदानमा उपस्थित भइसक्नुपर्नेछ ।
१८. रेफ्रीको रुपमा काम गर्ने व्यक्तिले कुनैपनि वडाको प्रशिक्षक वा व्यवस्थापकको जिम्मेबारी लिन पाइनेछैन ।

.............................
संयोजक
मेयर रनिङ्ग कप - २०७७
..........................
घोराही उप- महानगरपालिका दाङ्ग

.................................
वडा अध्यक्ष
.....नं वडा अध्यक्ष
घोराही उप-महानगरपालिका दाङ्ग

## मेयर कप प्रतियोगितामा पालना गर्नुपर्ने सम्झौताहरु :-

१. खेलाडीहरु, टिम प्रशिक्षक र टिम व्यवस्थापक सोहि वडाको हुनुपर्नेछ र वडाअध्यक्षको सिफारिसमा सबैको नाम र वडाको टोलको ठेगाना हुनुपर्ने छ ।

२. खेलाडीहरु वडा देखि सिफारिस गर्दा जन्मदर्ता, नागरिकता, मतदाता परिचय पत्र, पारिवारीक बसाइसराई जस्ता परिचय र उमेर खुल्ने कागजपत्र हुनुपर्ने छ । आवश्यक परेमा त्यस्ता कागजातको सक्कल पनि पेश गर्नुपर्ने छ । पेश गरिएका कागजात झुठो ठहरिएमा खेलाडीलाई खेलबाट निष्काशन गरि प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

३. २०७७ साल चैत्र मसान्त सम्म घोराही उपमहानगरपालिकामा बसाइसराई भएका खेलाडिलाई मात्र मेयरकपमा सहभागी गराइने छ ।

४. २०७८ साल पौष २५ गते आइतबारको दिन कार्यालय समय भित्र तोकिएका फारमहरुमा खेलाडीहरु, टिम व्यवस्थापक र टिम प्रशिक्षकको विवरण अनिवार्य भरी फोटो टासँ गरेर वडाबाट प्रमाणित गरी शिक्षा, युवा तथा खेलकुद महाशाखा घोराहीमा वडाको सिफारिस पत्र सहित दर्ता गरिसक्नुपर्ने छ । सो दिन सम्म दर्ता भएको खेलाडीलाई मान्यता दिइनेछ ।

५. मेयर कप प्रतियोगितामा कुनै पनि वडाको खेलाडीले खेल अवधिमा खेलको भावना विपरित अभद्र, अप्रिय र अशोभनीय व्यवहार, अनुशासनहिन कार्य गरेमा, खेल मिलेमतो (म्याच फिक्सिङ) गरेको प्रमाणित भएमा उक्त वडाका टिम तथा खेलाडीहरुलाई रेफ्रीहरुको सिफारिसमा आयोजक समक्ष लिखित जानकारी पश्चात आयोजकले कारवाही स्वरुप परिस्थिति अनुसार टिम वा खेलाडीलाई मेयरकपबाट निष्काशन गर्न सक्ने साथै आगामी वर्षमा हुने मेयर कप प्रतियोगितामा समेत प्रतिवन्ध लगाउन सक्ने छ ।

६. युवा तथा उदयीमान खेलाडीहरुलाइ प्राथमिकताका साथ मेयरकपमा सहभागी गराउनका लागि खेलाडीको उमेर ३० वर्ष (२०७८ पौष मसान्त सम्म) ननाघेको हुनुपर्ने छ ।

७.मेयर कप प्रतियोगिता २०७८ को खेलतालिका वडाका टिम व्यवस्थापक, टिम प्रशिक्षक, टिम क्याप्टेन, वडाअध्यक्ष र वडासदस्यहरुको रोहवरमा २०७८ साल माघ ०३ गतेका दिन घोराही उपमहानगर पालिकाको सभाहलमा दिनको १ बजे खेल तालिका प्रकाशन गरिनेछ ।

८. मेयर कप रनिङ फुटबल प्रतियोगिता २०७८ मा प्रथम पुरस्कार रु.१ लाख र रनिङ कप, दोस्रो पुरस्कार रु.५० हजार र शिल्ड, मेडल, ट्रफी, अनुशासित टिमलाई कप लगायत विभिन्न विधामा आकर्षक पुरस्कार र सम्मान पत्र प्रदान गरिने छ ।

९. मिति २०७८ माघ ५ गते दिनको ठीक १२ वजे घोराही उपमहानगरपालिका देखि र्‍याली सुरु हुने र नवलपुर खेल मैदानमा पुगेर उद्घाटन समारोहमा सम्पन्न हुनेछ । सहभागी टिम आफ्नो वडाको ब्यानर र ड्रेस कोड सहित र्‍याली र उद्घाटन समारोहमा अनिवार्य उपस्थित हुनुपर्ने छ ।

१०. घोराही उपमहानगरपालिकाको आयोजनामा हुन लागेको पाचौं संस्करण मेयर कप रनिङ फुटबल प्रतियोगिता २०७८ साल माघ ५ गते देखि नवलपुर खेल मैदानमा सञ्चालन हुनेछ । यस मेयर कप रनिङ फुटबल लिगकम नकआउट फुटबल प्रतियोगिताको नियम र सम्झौतामा सहमति र मञ्जुर छौं ।

११. कुनै खेलाडीले बसाइ सराइको कागज पेश गर्दा पञ्जिकरण शाखाले दिएको प्रमाणपत्रको आधारमा लागु गरिने छ ।

.......................... ..................................

संयोजक — वडा अध्यक्ष

मेयर कप रनिङ फुटबल - २०७८ — .....नं वडा अध्यक्ष

..........................
घोराही उप- महानगरपालिका दाङ्ग

घोराही उप-महानगरपालिका दाङ्ग
वडाको छाप ................

# घोराही मेयर कप रनिङ्ग फुटवल प्रतियोगिता - २०७८

## खेलाडी विवरण

खेलाडीको नाम :

बुवाको नाम :

फोटो

बाजेको नाम :

स्थायी ठेगाना :

जन्म मिति :

रक्त समूह :

नागरिकता नं :

राष्ट्रियता :

खेल्ने पोजिसन :

वडा नं :

परिचय खुल्ने कागजात : ...............................................................................................

म / मेरो वडाका खेलाडीहरु सहभागी हुने यस प्रतियोगितात्मक फुटवल खेलका लागि तय भएका नियम तथा सम्झौतामा उल्लेखित प्रावधान पालना गर्न मेरो मन्जुरी छ र आयोजकको निर्णय अन्तिम हुनेछ ।

सिफारिस गर्ने :

............................................
........ नं. वडा अध्यक्ष
.... नं. वडा कार्यालय
घोराही उप- महानगरपालिका
वडाको छाप .............

# घोराही मेयर कप रनिङ्ग फुटवल प्रतियोगिता २०७८

## प्रशिक्षक र व्यवस्थापककको नामावली

| क स. | नाम | सम्पर्क नं. | फोटो | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

सिफारिस गर्ने :

.............................................

........ नं. वडा अध्यक्ष